# चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## चौरजहारी, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

<u>चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको विद्यमान अवस्था</u>

<u>अध्ययन प्रतिवेदन</u>

<u>२०७७</u>

## विषयसूची


१. पृष्ठभूमी........................................................ १

२. अनुगमनको क्रममा देखिएका मुख्य-मुख्य विषयहरु............ २

३. सुझावहरु......................................................... १०

अनुसूची -१ ...................................................१२

# चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको विद्यमान अवस्था

## अध्ययन प्रतिवेदन, २०७७

## १. पृष्ठभूमी

कुनैपनि कामको स्थिति, परिवेश, अवस्था र त्यसको प्रभावकारिताको जाँचबुझ गर्नु निरीक्षण हो । निरीक्षणलाई सुपरीवेक्षणको रुपमा पनि लिईन्छ । सुपरीवेक्षणले विशेष गरी विद्यार्थीहरुको सिकाईस्तर के०कस्तो छ, त्यसको लेखाजोखा गर्छ । हामीले यसपटक गरेको विद्यालय निरीक्षणको उद्धेश्य शैक्षिक अवस्था भन्दा बढी भौतिक, आर्थिक तथा प्रशासनिक अवस्थाको लेखाजोखा गर्नु थियो । शिक्षण योजना निर्माण, शिक्षकको नियमितता, सक्रियता, निरन्तरता, इच्छा, चाहना, भावना र आवश्यकता बुझि सो अनुसार नगरपालिकाको तर्फबाट योजना निर्माण गर्न यो निरीक्षण आवश्यक थियो । शैक्षिक व्यवस्थापन र सिकाई प्रक्रियालाई समय सापेक्ष सुधार र परिमार्जन गर्दै गुणस्तरीय शिक्षा प्राप्तीमा सहयोग पुर्याउन तथा समग्र विद्यालयको विकासमा सहयोग, सुधार तथा सहजीकरण गर्ने हाम्रो उद्धेश्य रहेको छ ।

नगरपालिकाले मिति २०७७/०५/२६ गते नियुक्त गरेका प्रधानाध्यापकहरुले कार्यसम्पादन करार सम्झौता बमोजिम गरेका कार्यहरुको मूल्याङ्कन गर्नु यो निरीक्षणको महत्वपूर्ण उद्धेश्य थियो । साथै विद्यालयका कक्षाकोठा, भौतिक अवस्था र सामग्रीहरुको समेत लेखाजोखा गर्नु थियो । शिक्षा सम्बन्धी विद्यमान कानुन, ऐन, नियम, नीति कार्यक्रम, योजना कार्यान्वयनको वातावरण के०कस्तो छ, कार्यान्वयन गर्ने वातावरण तयार गर्ने निरीक्षणको उद्धेश्य रहेको थियो । विद्यालयमा विभिन्न आर्थिक तथा प्राविधिक साधन स्रोतको खोजी र प्रयोगमा सहजता प्रदान गर्ने, विद्यालय र समुदायबीचको सम्बन्ध स्थापनामा सघाउने, वि.व्य.स., शिक्षक, प्र.अ. र विद्यार्थीबीचको सम्बन्ध स्थापना गर्ने र विद्यालयमा जुनियर रेडक्रस सर्कल, स्काउट तथा बालक्लवहरुको स्थापना गरी विद्यार्थी तथा शिक्षकहरुलाई सामाजिक कल्याणका कार्यमा सहभागी हुन प्रोत्साहन गर्नु यो निरीक्षणको उद्धेश्य थियो । यसका अलावा विद्यालयको सरफाईको अवस्था के-कस्तो छ, त्यसको मूल्याङ्कन गर्नु, जसमध्ये सरसफाईका सात सूचकहरुको लागर गरे/नगरेको साथै विद्यालयको समग्र वातावरणको सरसफाईको अवस्थाको अनुगमन गर्नु मूख्य उद्धेश्य थियो ।

विद्यालय अनुगमनका लागि हामीले प्रधानाध्यापकको मासिक मूल्याङ्कन गर्न मूल्याङ्कन फाराम, विद्यालय अनुगमन फाराम र प्रारम्भिक वालविकास केन्द्रको गुणस्तर मूल्याङ्कन फारामको विकास

गरेका थियौं । जसमा भएको विवरण अनुसार विद्यालयहरुको विद्यार्थी भर्ना विवरण, शिक्षकहरुको अनुपस्थित विवरण आदि संकलन गरिएको छ । नगरपालिकासँग मिति २०७७/०५/२६ गते कार्यसम्पादन करार सम्झौता गरी नियुक्त भएका ३७ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको मासिक मूल्याङ्कन गरिएको छ । विभिन्न सूचकका आधारमा गरिएको मूल्याङ्कनको नतिजा अनुसूची १ मा छ ।

## २. अनुगमनको क्रममा देखिएका मुख्य-मुख्य विषयहरु

### २.१. शिक्षकहरुको संख्यात्मक विवरण

| क्र.स. | विद्यालयको नाम | शिक्षक | | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | लेखा | वाविके | अन्य | | |
| १ | शीतल मा.वि. चौरजहारी | १३ | ० | ७ | १ | ० | ३ | २४ | |
| २ | आ.वि. नाखीरा | ५ | ० | २ | ० | १ | १ | ९ | |
| ३ | जनप्रिय आ.वि. लामिछानेगाउँ | २ | २ | ० | ० | १ | १ | ६ | |
| ४ | जनज्योती आ.वि. स्यालखोला | ४ | १ | ४ | ० | १ | १ | ११ | |
| ५ | मालिका आ.वि. अमलाटाकुरा | २ | १ | १ | ० | १ | १ | ६ | |
| ६ | आधारभुत विद्यालय मनकोट | ५ | ३ | १ | ० | १ | १ | ११ | |
| ७ | हिमालय मा.वि. खोलागाउँ | ९ | ० | १६ | १ | १ | ४ | ३१ | |
| ८ | मा.वि. खहरे | ६ | १ | ५ | १ | १ | १ | १५ | |
| ९ | मा.वि. कोटजहारी | ७ | ३ | २ | १ | १ | १ | १५ | |
| १० | आ.वि. घर्तीकाँडा | ३ | ० | २ | ० | १ | १ | ७ | |
| ११ | जनकल्याण मा.वि. सानाखोला | ४ | ४ | ५ | १ | १ | १ | १६ | |
| १२ | आ.वि. मानाकोट | ३ | १ | ० | ० | १ | १ | ६ | |
| १३ | सरस्वती मा.वि. घरेलीचौर | ४ | ३ | ५ | १ | १ | २ | १६ | |
| १४ | आ.वि. नार्जी | ३ | १ | ० | ० | १ | १ | ६ | |
| १५ | कालिका आ.वि. लयाँटा | ३ | २ | ४ | ० | १ | १ | ११ | |
| १६ | कालिका आ.वि. गोइरी | ० | १ | ३ | ० | १ | १ | ६ | |
| १७ | आ.वि. भुवाटाकुरा | ३ | ० | १ | ० | १ | १ | ६ | |
| १८ | गडिदेउराली आ.वि. लेकनार्जी | ० | १ | ४ | ० | १ | १ | ६ | |
| १९ | जनज्योती आ.वि. मुलपानी | ० | २ | २ | ० | १ | १ | ६ | |
| २० | जनआस्था आ.वि. पुरानापानी | ० | १ | २ | ० | १ | १ | ५ | |
| २१ | जनसेवा आ.वि. जुम्लीपोखरी | २ | २ | १ | ० | १ | १ | ७ | |

| क्र.स. | विद्यालयको नाम | शिक्षक | | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | लेखा | वाविके | अन्य | | |
| २२ | जनकल्याण मा.वि. जोगीनेटा | ४ | ३ | ६ | १ | १ | १ | १६ | |
| २३ | जनचेतना आ.वि. तिमीलेपोखरी | ० | ३ | १ | ० | १ | १ | ६ | |
| २४ | बालहित मा.वि. साक्चाखोला | ५ | ४ | ३ | १ | १ | १ | १५ | |
| २५ | जनता आ.वि. सिमचौर | ० | ४ | ० | ० | १ | १ | ६ | |
| २६ | जनकल्याण आ.वि. रातामाटा | ० | २ | ३ | ० | १ | १ | ७ | |
| २७ | आ.वि. लामाडाँडा | ० | ० | ५ | ० | १ | १ | ७ | |
| २८ | जनता आ.वि. बिचकाटिया | ३ | ० | १ | ० | १ | १ | ६ | |
| २९ | बालहित आ.वि. नाउली | ० | ० | ५ | ० | १ | १ | ७ | |
| ३० | बालज्योती आ.वि. नाख्ला | ० | २ | २ | ० | १ | १ | ६ | |
| ३१ | विजयश्वरी आ.वि. विजयश्वरी | ५ | २ | १ | ० | १ | १ | १० | |
| ३२ | ज्ञानकुञ्ज आ.वि. कालापात्थर | ० | २ | २ | ० | १ | १ | ६ | |
| ३३ | आ.वि. लहरेसिमल | ३ | ४ | २ | ० | १ | १ | ११ | |
| ३४ | ऐश्वर्य आ.वि. बिसाउनेचौर | २ | १ | १ | ० | १ | १ | ६ | |
| ३५ | ज्ञानज्योती आ.वि. माथीसर्केना | २ | १ | १ | ० | १ | १ | ६ | |
| ३६ | जनकल्याण मा.वि. खागल | २ | ४ | ५ | १ | १ | १ | १४ | |
| ३७ | बालकल्याण आ.वि. मुलडाँडा | ० | २ | २ | ० | १ | १ | ६ | |
| कूल जम्मा | | १०४ | ६३ | १०७ | ९ | ३६ | ४३ | ३६१ | |

## २.२. विद्यार्थीहरुको सङ्ख्यात्मक विवरण

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना प्रक्रिया श्रावण १ गते देखी सुरु भएको थियो । हामीले संकलन गरेको तथ्याङ्क अनुसार केही विद्यालयमा तुलनात्मक रुपमा अत्यन्त कम विद्यार्थी संख्या देखिएको छ ।

## चौरजहारी नगरपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक शत्र, २०७७ को जम्मा विद्यार्थी संख्या

| क्र.स. | विद्यालयको नाम | वाल विकास | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शीतल मा.वि. चौरजहारी | ० | ० | ० | ० | ० | ० | २२ | ५९ | १३२ | २५४ | २१४ | ० | ० | ६८१ | |
| २ | आ.वि नाखीरा | ५३ | ४१ | ३६ | ५३ | ३० | २८ | २७ | ० | ० | ० | ० | ० | ० | २६८ | |
| ३ | जनप्रिय आवि लामिछानेगाउँ | ० | ४१ | २१ | ८ | ११ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ८९ | |
| ४ | जनज्योती आवि स्यालखोला | १४ | २२ | २४ | ३० | २३ | ३० | २६ | २९ | ४४ | ० | ० | ० | ० | २४२ | |
| ५ | मालिका आवि अमलाटाकुरा | २० | ३० | १४ | २० | २३ | १२ | ० | ० | ० | ० | ० | ० | ० | ११९ | |
| ६ | आवि मनकोट | ५७ | ३० | २५ | ३१ | २६ | २३ | २९ | ३४ | ३३ | ० | ० | ० | ० | २८८ | |
| ७ | हिमालय मावि खोलागाउँ | ९९ | ४४ | ३५ | ५० | ५३ | ३७ | ११० | १०४ | १२३ | १०७ | १४० | ० | ० | ९०२ | |
| ८ | मावि खहरे | २३ | ३४ | २७ | २६ | २२ | २४ | ३६ | ३५ | ४३ | २३ | ४० | ० | ० | ३३३ | |
| ९ | मावि कोटजहारी | २६ | २८ | २१ | २७ | २५ | २७ | ७७ | ६३ | १०४ | ४१ | ७३ | ० | ० | ५१२ | |
| १० | आवि घर्तीकाँडा | १९ | ३२ | १९ | २९ | १८ | २३ | ० | ० | ० | ० | ० | ० | ० | १४० | |
| ११ | जनकल्याण मावि सानाखोला | २२ | २५ | २९ | २९ | २० | ३० | ४० | ४० | ७१ | ५१ | ५३ | ० | ० | ४१० | |
| १२ | आवि मानाकोट | २४ | ३० | २१ | २२ | १६ | २१ | ० | ० | ० | ० | ० | ० | ० | १३४ | |
| १३ | सरस्वती मावि घरेलीचौर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३१० | |
| १४ | आवि नार्जी | २३ | ३० | १८ | २३ | २२ | २९ | ० | ० | ० | ० | ० | ० | ० | १४५ | |
| १५ | कालिका आवि लयाँटा | २७ | ३९ | २८ | २३ | ३० | २२ | ३२ | ४२ | २९ | ० | ० | ० | ० | २७२ | |

| क्र.स. | विद्यालयको नाम | वाल विकास | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | कालिका आवि गोइरी | ३२ | ११ | १३ | १४ | ६ | ८ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ८४ | |
| १७ | आवि भुवाटाकुरा | १८ | ९ | ९ | १३ | १२ | १५ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ७६ | |
| १८ | गडिदेउराली आवि लेकनार्जी | १३ | २० | १४ | १६ | १३ | १८ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ९४ | |
| १९ | जनज्योती आवि मुलपानी | १८ | १७ | १६ | १६ | १८ | २२ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | १०७ | |
| २० | जनआस्था आवि पुरानापानी | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ५६ | |
| २१ | जनसेवा आवि जुम्लीपोखरी | २९ | १८ | २२ | २१ | २० | २३ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | १३३ | |
| २२ | जनकल्याण मावि जोगीनेटा | २९ | २९ | २८ | २१ | १६ | १९ | ६० | ५६ | ७६ | ४४ | ६३ | 0 | 0 | ४४१ | |
| २३ | जनचेतना आवि तिमीलेपोखरी | २७ | १६ | १४ | १४ | १८ | १७ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | १०६ | |
| २४ | बालहित मावि साक्चाखोला | ११ | १७ | १३ | ११ | १३ | १५ | ९ | ४० | ५३ | ३२ | २९ | 0 | 0 | २७४ | |
| २५ | जनता आवि सिमचौर | २६ | २२ | १९ | १४ | १९ | १५ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ११५ | |
| २६ | जनकल्याण आवि रातामाटा | ६ | २७ | १९ | २७ | १४ | २१ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ११४ | |
| २७ | आवि लामाडाँडा | १८ | २० | २० | १४ | १९ | ८ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ९९ | |
| २८ | जनता आवि बिचकाटिया | 0 | ५९ | ३२ | २१ | २८ | २० | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | १६० | |
| २९ | बालहित आवि नाउली | ३० | ३२ | १४ | २५ | १८ | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | ११९ | |

| क्र.स. | विद्यालयको नाम | वाल विकास | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | बालज्योती आवि नाख्ला | २१ | १७ | १७ | १४ | १७ | १९ | ० | ० | ० | ० | ० | ० | ० | १०५ | |
| ३१ | विजयश्वरी आवि विजयश्वरी | २७ | १९ | १२ | १३ | १७ | २२ | २५ | ३३ | ३९ | ० | ० | ० | ० | २०७ | |
| ३२ | ज्ञानकुञ्ज आवि कालापात्थर | २८ | ४० | २८ | २९ | ३२ | ३० | ० | ० | ० | ० | ० | ० | ० | १८७ | |
| ३३ | आवि लहरेसिमल | २७ | ३१ | २९ | ३३ | २३ | २७ | २६ | २५ | २० | ० | ० | ० | ० | २४१ | |
| ३४ | ऐश्वर्य आवि बिसाउनेचौर | २४ | १४ | १५ | १६ | १३ | १५ | ० | ० | ० | ० | ० | ० | ० | ९७ | |
| ३५ | ज्ञानज्योती आवि माथिसर्केना | १९ | १८ | २० | १७ | १२ | १५ | ० | ० | ० | ० | ० | ० | ० | १०१ | |
| ३६ | जनकल्याण मावि खागल | १९ | १९ | २१ | १८ | १९ | २० | २९ | ४१ | ५५ | २९ | २६ | ० | ० | २९६ | |
| ३७ | बालकल्याण आवि मुलडाँडा | २२ | ११ | १४ | १० | १० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ७० | |
| | जम्मा | ८५१ | ८९२ | ७०७ | ७४८ | ६७६ | ६६६ | ५४८ | ६०१ | ८२२ | ५८१ | ६३८ | ० | ० | ८१२७ | |

IEMIS र अनुगमन प्रतिवेदनमा केही विद्यालयहरुको विद्यार्थी संख्या फरक पर्न गएको देखिन्छ ।

## २.३. अनुपस्थित दिनको तलब कट्टी विवरण

विद्यालय अनुगमनका क्रममा धेरैजसो विद्यालयका शिक्षकहरु लामो समयदेखी विद्यालयमा अनुपस्थित रहेको तथा केही शिक्षकहरु आफूलाई खटाएको ठाउँमा नगई अन्य विद्यालयमा हाजिर गरिरहेको पाइएको हुँदा त्यस्ता शिक्षकहरुको गयल दिनको तलव कटाउने समेतको कारबाही गरिएको छ । शिक्षकहरुको गयल विवरण यसप्रकारको छ ।

<u>अनुपस्थित दिनको तलव कट्टीको लागि सिफारिस गरिएका शिक्षकहरुको विवरण</u>

| क्र.स. | शिक्षकहरुको नाम | विद्यालयको नाम | तह | दरबन्दी | गयल दिन | तलब कट्टी गर्नुपर्ने दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रकाश विक्रम शाह | शीतल मा.वि. | मा.वि. | स्थायी | ५ | ५ | |
| २ | लक्ष्मण पोखरेल | शीतल मा.वि. | उ.मा.वि. | करार | २५ | २५ | |
| ३ | देवकुमारी लामिछाने | आ.वि. लामिछानेगाउँ | प्रा.वि. | राहत | ८ | ८ | |
| ४ | मनसरा के.सी.. | आ.वि. मनकोट | बाविके | करार | ९ | ९ | |
| ५ | आशिष धिताल | हिमालय मा.वि. | मा.वि. | करार | ५ | ५ | |
| ६ | झनक विएम | हिमालय मा.वि. | उ.मा.वि. | करार | ८ | ८ | |
| ७ | सन्तोष ओली | हिमालय मा.वि. | क.अ. | करार | ४ | ४ | |
| ८ | कुमार प्रसाद भुषाल | हिमालय मा.वि. | उ.मा.वि. | करार | ३ | ३ | |
| ९ | मनोज कुमार जोशी | हिमालय मा.वि. | उ.मा.वि. | करार | २० | २० | |
| १० | यसोदा परियार | मा.वि. खहरे | मा.वि. | करार | १४ | १४ | |
| ११ | लिला के.सी.. | मा.वि. खहरे | प्रा.वि. | करार | १ | १ | |
| १२ | रामचन्द्र बुढाथोकी | मा.वि. खहरे | प्रा.वि. | स्थायी | १ | १ | |
| १३ | डम्बर विश्वकर्मा | मा.वि. खहरे | प्रा.वि. | स्थायी | २ | २ | |
| १४ | विनिता कुंवर | मा.वि. खहरे | प्रा.वि. | स्थायी | २ | २ | |
| १५ | मोहमद सकिम | मा.वि. कोटजहारी | मा.वि. | स्थायी | ६ | ६ | |
| १६ | ताराप्रसाद शर्मा | मा.वि. कोटजहारी | मा.वि. | राहत | १ | १ | |
| १७ | टिके खत्री | आ.वि. घर्तीकाँडा | प्रा.वि. | स्थायी | ३ | ३ | |
| १८ | रेशिका बोहरा | आ.वि. घर्तीकाँडा | का.स. | करार | २२ | २२ | |
| १९ | रुद्र बहादुर के.सी.. | मा.वि. घरेलीचौर | प्रा.वि. | स्थायी | ५ | ५ | |
| २० | तिलक बुढाथोकी | मा.वि. घरेलीचौर | प्रा.वि. | स्थायी | १ | १ | |
| २१ | मोहन मल्ल | मा.वि. घरेलीचौर | प्रा.वि. | स्थायी | २ | २ | |
| २२ | डण्ड प्रसाद शर्मा | मा.वि. घरेलीचौर | नि.मा.वि. | राहत | १ | १ | |
| २३ | पूर्ण प्रसाद शर्मा | मा.वि. घरेलीचौर | लेखापाल | करार | ३ | ३ | |
| २४ | मीन बहादुर ओली | मा.वि. घरेलीचौर | नि.मा.वि. | राहत | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | लाल बहादुर के.सी.. | मा.वि. घरेलीचौर | मा.वि. | करार | १ | १ | |
| २६ | भुवन शर्मा | मा.वि. घरेलीचौर | मा.वि. | करार | १ | १ | |
| २७ | गोपाल सुनार | मा.वि. घरेलीचौर | नि.मा.वि. | करार | १ | १ | |
| २८ | टेक व विश्वकर्मा | मा.वि. घरेलीचौर | मा.वि. | करार | ६ | ६ | |
| २९ | अमृत के.सी.. | मा.वि. घरेलीचौर | नि.मा.वि. | करार | १ | १ | |
| ३० | लिलु जैसी | मा.वि. घरेलीचौर | मा.वि. | करार | १ | १ | |
| ३१ | सुर्य बहादुर चन्द | आ.वि. नार्जी | प्रा.वि. | स्थायी | १ | १ | |
| ३२ | रचना जैसी | आ.वि. नार्जी | वाविके | करार | १ | १ | |
| ३३ | अञ्जना कुँवर | आ.वि. लयाँटा | प्रा.वि. | राहत | १ | १ | |
| ३४ | टेक बहादुर सुनार | आ.वि. लयाँटा | नि.मा.वि. | राहत | १ | १ | |
| ३५ | प्रेम के.सी.. | आ.वि. लयाँटा | प्रा.वि. | करार | २ | २ | |
| ३६ | रिम बहादुर चन्द | आ.वि. लयाँटा | नि.मा.वि. | करार | १ | १ | |
| ३७ | संचिता के.सी.. | आ.वि. लयाँटा | नि.मा.वि. | करार | १ | १ | |
| ३८ | खिमा रोका | आ.वि. लयाँटा | वाविके | करार | १ | १ | |
| ३९ | ठकेन्द्र आचार्य | आ.वि. लयाँटा | प्रा.वि. | स्थायी | २ | २ | |
| ४० | निर्मल सुनार | आ.वि. गोइरी | प्रा.वि. | करार | १ | १ | |
| ४१ | याम बहादुर बुढा | आ.वि. गोइरी | प्रा.वि. | करार | १ | १ | |
| ४२ | कविराम बोहरा | आ.वि. मुलपानी | प्रा.वि. | करार | १ | १ | |
| ४३ | कृष्ण बहादुर ओली | आ.वि. मुलपानी | प्रा.वि. | राहत | १८ | १८ | |
| ४४ | कमल के.सी.. | आ.वि. जुम्लीपोखरी | प्रा.वि. | स्थायी | १४ | १४ | |
| ४५ | छविलाल खत्री | मा.वि. जोगीनेटा | नि.मा.वि. | राहत | ३ | ३ | |
| ४६ | मान बहादुर ओली | मा.वि. जोगीनेटा | प्रा.वि. | स्थायी | १ | १ | |
| ४७ | चम्फा ओली | मा.वि. साक्चखोला | वाविके | करार | १ | १ | |
| ४८ | निमलाल हमाल | मा.वि. साक्चखोला | लेखापाल | करार | १ | १ | |
| ४९ | लक्ष्मी खड्का | मा.वि. साक्चखोला | नि.मा.वि. | राहत | १ | १ | |
| ५० | यज्ञ वहादुर ओली | मा.वि. साक्चखोला | नि.मा.वि. | स्थायी | १ | १ | |
| ५१ | अर्जुन खड्का | मा.वि. साक्चखोला | प्रा.वि. | स्थायी | १ | १ | |
| ५२ | कमान वहादुर घर्ती | मा.वि. साक्चखोला | प्रा.वि. | स्थायी | १ | १ | |
| ५३ | ज्ञानु के.सी.. | आ.वि. सिमचौर | प्रा.वि. | राहत | २ | २ | |
| ५४ | कमला चन्द | आ.वि. रातामाटा | वाविके | करार | ४५ | ४५ | |
| ५५ | कल्पना राना | आ.वि. लामाडाँडा | वाविके | करार | २ | २ | |
| ५६ | पदम वि.क. | आ.वि. नाउली | प्रा.वि. | करार | ३ | ३ | |
| ५७ | निमा पुन | आ.वि. नाउली | वाविके | करार | ४५ | ४५ | |
| ५८ | संगीता राना | विजयश्वरी आ.वि. | प्रा.वि. | स्थायी | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९ | टिकाराम विष्ट | विजयश्वरी आ.वि. | नि.मा.वि. | करार | १ | १ | |
| ६० | कृष्णाकुमारी वस्नेत | विजयश्वरी आ.वि. | वाविके | करार | १ | १ | |
| ६१ | कमल वि.सी. | आ.वि. लहरेसिमल | नि.मा.वि. | राहत | १० | १० | |
| ६२ | गोविन्द घर्ती | आ.वि. लहरेसिमल | प्रा.वि. | स्थायी | ४५ | ४५ | |
| ६३ | विष्णु के.सी.. | आ.वि. लहरेसिमल | नि.मा.वि. | करार | १ | १ | |
| ६४ | नन्दराज के.सी.. | मा.वि. खागल | मा.वि. | करार | १ | १ | |
| ६५ | जगत के.सी.. | मा.वि. खागल | प्रा.वि. | करार | ३ | ३ | |
| ६६ | निर्मल महतारा | मा.वि. खागल | नि.मा.वि. | करार | १ | १ | |
| ६७ | गणेश लामिछाने | मा.वि. खागल | नि.मा.वि. | करार | १ | १ | |

## २.४. विद्यालयका भौतिक अवस्था

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको भौतिक अवस्था सामान्य किसिमको रहेको छ । कमजोर भौतिक अवस्थाका बावजुद पनि विद्यालयहरुले शिक्षण सिकाईमा गुणस्तर विकासका लागि संघर्ष गरिरहेका छन् । विद्यालयहरुमा पर्याप्त शौचालयहरु नभएको, भएका शौचालयहरुमा छात्रामैत्री नभएको, अत्यन्त फोहर र दुर्गन्धित भएका तथा शौचालय सरसफाईमा समेत विद्यालयहरुले लापरवाही गरेको देखिएको छ । विद्यालयका कक्षाकोठा व्यवस्थापन सिकाईमैत्री नभएका, फर्निचरहरु पर्याप्त नभएको, सरसफाई अत्यन्त नाजुक देखिएको छ । विद्यालयका भवनहरुका कमजोर संरचना, चुहिने छाना भएका तथा पक्की भवन समेत निर्माणमा लापरवाही गरेका कारण गुणस्तर कमजोर देखिन्छ । विद्यालयमा घेरावार नभएका कारण पशु चौपाया खुल्ला रुपमा पस्ने तथा फोहर पनि गरेको देखिन्छ भने केही विद्यालयहरुका बाह्य पर्खाल समेत निर्माण गर्नुपर्ने अवस्था छ । विद्यालयमा पुस्तकालय तथा बुक कर्नर, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशालाहरु आवश्यक देखिन्छ । सामान्य शैक्षिक सामग्रीहरुको समेत व्यवस्थापन नभएका कारण सिकाई प्रभावित भएको देखिन्छ । जग्गा अभाव तथा अप्ठेरो भूगोलका कारण धेरै विद्यालयहरुमा खेलमैदानको अभाव देखिन्छ । प्रायः विद्यालयहरु अप्ठेरो भूगोलमा भएका कारण खानेपानीको व्यवस्थापन गर्न कठिन छ, विद्यालयमा खानेपानी व्यस्थापन एउटा चुनौतीको रुपमा रहेको छ ।

## २.५. शैक्षिक अवस्था

भौतिक व्यवस्थापन कमजोर भएका विद्यालयहरुमा शैक्षिक गुणस्तर विकास गर्न कठिन छ । शिक्षण सिकाई प्रक्रियामा विद्यालयको भौतिक पक्षले प्रभावकारी भूमिका खेलेको हुन्छ । भौतिक सामग्रीको अभावमा शैक्षिक गुणस्तरको कल्पना गर्न सकिदैन । विद्यालयहरुमा विद्यार्थी संख्याका तुलनामा शिक्षक संख्या कम रहेको, विषयगत शिक्षक नभएको, शिक्षकहरुको क्षमता तथा तालिम

अभावका कारण विद्यालयमा शैक्षिक गुणस्तर कमजोर देखिन्छ । शिक्षण प्रक्रिया विद्यार्थीमुखी नभएको, शिक्षण क्रियाकलाप तथा सिकाई योजनाको अभाव आदि कारणले विद्यालयको शैक्षिक गुणस्तर कमजोर देखिएको छ । दरबन्दी अभाव भएका विद्यालयमा नगरपालिकाले आफ्नै स्रोतबाट करारमा शिक्षक व्यवस्थापन गरेको छ, तापनि विद्यालयहरुको शैक्षिक अवस्था खस्किदों भएको प्रमाणका रुपमा कक्षा ८ को अन्तिम नतिजालाई लिन सकिन्छ ।

## २.६. अन्य पक्ष

नगरपालिकाका सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक अवस्थाका साथै अन्य कुराहरु सन्तोषजनक पाईदैन । विद्यालयको सरसफाईमा वेवास्ता गरेको देखिन्छ भने कक्षाकोठाको व्यवस्थापन र भौतिक सम्पतिको संरक्षण गरिएको छैन् । कार्यालयको व्यवस्थापन सन्तोषजनक छैन् । प्रायः सबै विद्यालयहरुमा सार्वजनिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गरिएको छैन्, यसले विद्यालयको बजेट समेत सदुपयोग भएको देखिदैन र आर्थिक पारदर्शिता समेत छैन् । विनियोजन गरिएको बजेट शीर्षक बमोजिम खर्च भएको देखिदैन । विद्यालयमा जिन्सी सामानको विवरण समेत राखेको पाइएन । विद्यालयहरुमा बाल क्लव, जुनियर रेडक्रस सर्कल लगायतका सामाजिक कार्य गर्ने संगठनहरु नभएको पाइएको छ । विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गरिएको पाईदैन । विद्यार्थी मूल्याङ्कन प्रक्रिया सन्तोषजनक छैन् भने कुनैपनि विद्यालयले निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेको पाइएन ।

# ३. सुझावहरु

चौरजहारी नगरपालिकाले गरेको विद्यालय अनुगमनका क्रममा प्रायः सबै सामुदायिक विद्यालयहरुका साझा समस्या र कमजोरीहरु देखिएका छन् । प्रधानाध्यापकको नियुक्ति पश्चात केही विद्यालयमा सुधारका संकेतहरु देखिएका छन् । विद्यालय अनुगमनका क्रममा देखिएका तथ्यहरुका आधारमा दिईएका सुझावहरु देहाय बमोजिम रहेका छन् :-

१. सबै विद्यालयहरुले सरसफाईका सात सूचकहरु लागु तथा कार्यान्वयन गरी विद्यालय वातावरण तथा शौचालय समेत स्वच्छ र सफा राख्नुपर्ने ।

२. खानेपानीको उचित प्रबन्ध गर्नुपर्ने ।

३. विद्यालयको कक्षाकोठा व्यवस्थापन तथा सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।

४. कक्षाकोठामा आवश्यक फर्निचर तथा अन्य भौतिक सामग्रीहरुको उचित प्रबन्ध गर्नुपर्ने ।

५. विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थीका आचारसंहिताहरु बनाई कार्यान्वयन गर्नुपर्ने ।

६. शैक्षिणिक योजनाहरु बनाई कार्यान्वयन गर्नुपर्ने ।

७. शिक्षण क्रियाकलाप र शिक्षणविधि विद्यार्थीमुखी हुनुपर्ने तथा सिकाई गुणस्तरीय हुनुपर्ने ।

८. पुस्तकालय तथा प्रयोगशालाहरुको व्यवस्थापन गरिनुपर्ने ।

९. सार्वजनिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्ने ।

१०. विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्नुपर्ने ।

११. विद्यालयमा बालक्लव तथा जुनियर रेडक्रस सर्कल तथा स्काउट जस्ता स्वंसेवी समूहहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

१२. विद्यालयको वरपर ५०० मिटरभित्र मदिरा तथा २०० मिटरभित्र सुर्तिजन्य पदार्थको निषेध गर्ने तथा सेवन गर्ने व्यक्तिलाई कारवाहीका लागि सिफारिस गर्नुपर्ने ।

१३. विद्यालयका भौतिक सामान तथा अन्य सम्पत्तीको सुरक्षामा विशेष ध्यान दिनुपर्ने ।

१४. विद्यालय वरपर स्थायी/अस्थायी घेराबार निर्माण गर्नुपर्ने ।

१५. नगरपालिकाले तयार गरेको शैक्षिक क्यालेण्डर कार्यान्वयन गर्नुपर्ने ।

१६. नगरपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नुपर्ने ।

१७. विद्यालयमा शिक्षक/कर्मचारीहरु नियमित उपस्थित भई हाजिरी जनाउनु पर्ने र प्रधानाध्यापकहरुले अनुपस्थित शिक्षक/कर्मचारीहरुको गयल जनाई शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी दिनुपर्ने ।

१८. विद्यालयमा तत्काल देखा परेका समस्या तथा अन्य कार्यका लागि नगरपालिका तथा शिक्षा, युवा तथा खेलकुद शाखासँग समन्वय गर्नुपर्ने ।

# अनुसूची -१

## चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुको मासिक मूल्याङ्कन

(मूल्याङ्कन अवधी :- मिति २०७७/०५/२६ गतेदेखि मिति २०७७/०७/१६ गतेसम्म)

| क्र.स. | प्रधानाध्यापकको नाम | खटाएको विद्यालय | पूर्णाङ्क : ४०<br>प्राप्ताङ्क | प्राप्त प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नन्दलाल के.सी. | श्री आ.वि. लहरेसिमल | २८.२० | ७०.५० | धेरै राम्रो |
| २ | मोतिलाल परियार | श्री मा.वि. खहरे | २६.५० | ६६.२५ | राम्रो |
| ३ | पर्शुराम लामिछाने | श्री जनप्रिय आ.वि. लामिछानेगाउँ | २६.४० | ६६.०० | राम्रो |
| ४ | टोप बहादुर के.सी. | श्री जनज्योती आ.वि. स्यालखोला | २६.३० | ६५.७५ | राम्रो |
| ५ | बलजित ओली | श्री जनकल्याण मा.वि. जोगीनेटा | २५.८२ | ६४.५५ | राम्रो |
| ६ | नरेश सुनार | श्री आ.वि. मनकोट | २५.१० | ६२.७५ | राम्रो |
| ७ | नवराज न्यौपाने | श्री ज्ञानकुञ्ज आ.वि. कालापात्थर | २४.९२ | ६२.३० | राम्रो |
| ८ | हिमिसंह नेपाली | श्री आ.वि. विजयश्वरी | २४.५२ | ६१.३० | राम्रो |
| ९ | कृष्ण बहादुर ओली | श्री जनसेवा आ.वि. जुम्लीपोखरी | २४.३२ | ६०.८० | राम्रो |
| १० | मुक्ति प्रसाद शर्मा | श्री गडिदेउराली आ.वि. लेकनार्जी | २४.०३ | ६०.०८ | राम्रो |
| ११ | टेकम बोहरा | श्री जनकल्याण मा.वि. खागल | २३.९० | ५९.७५ | सन्तोषजनक |
| १२ | बल बहादुर के.सी. | श्री ऐश्वर्य आ.वि. बिसाउनेचौर | २३.८२ | ५९.५५ | सन्तोषजनक |
| १३ | रमेश कुमार मल्ल | श्री मा.वि. कोटजहारी | २३.७१ | ५९.२८ | सन्तोषजनक |
| १४ | भूमिकुमारी चन्द | श्री मालिका आ.वि. अमलाटाकुरा | २३.६० | ५९.०० | सन्तोषजनक |
| १५ | भीम बहादुर ओली | श्री हिमालय मा.वि. खोलागाउँ | २३.४० | ५८.५० | सन्तोषजनक |
| १६ | शिवलाल ओली | श्री बालकल्याण आ.वि. मुलडाँडा | २२.९२ | ५७.३० | सन्तोषजनक |
| १७ | सुगन्धा मल्ल | श्री आधारभुत विद्यालय भुवाटाकुरा | २२.८२ | ५७.०५ | सन्तोषजनक |
| १८ | रुद्रलाल जैसी | श्री आधारभुत विद्यालय नाखीरा | २२.७८ | ५६.९५ | सन्तोषजनक |
| १९ | झुपलाल शर्मा | श्री जनकल्याण मा.वि. सानाखोला | २२.६४ | ५६.६० | सन्तोषजनक |
| २० | गणेश कुमार विष्ट | श्री जनचेतना आ.वि. तिमीलेपोखरी | २२.६२ | ५६.५५ | सन्तोषजनक |
| २१ | ललित बहादुर चन्द | श्री जनता आ.वि. बिचकाटिया | २२.१२ | ५५.३० | सन्तोषजनक |
| २२ | डन्डविर ओली | श्री आधारभुत विद्यालय मानाकोट | २१.९४ | ५४.८५ | सन्तोषजनक |
| २३ | उमाकान्त शर्मा | श्री जनता आ.वि. सिमचौर | २१.९० | ५४.७५ | सन्तोषजनक |

| क्र.स. | प्रधानाध्यापकको नाम | खटाएको विद्यालय | पूर्णाङ्क : ४० | प्राप्त प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | | |
| २४ | यदु राना | श्री शीतल मा.वि. चौरजहारी | २१.९० | ५४.७५ | सन्तोषजनक |
| २५ | दिपक देवकोटा | श्री जनआस्था आ.वि. पुरानापानी | २१.६३ | ५४.०८ | सन्तोषजनक |
| २६ | सुर्य बहादुर चन्द | श्री आधारभुत विद्यालय नार्जी | २१.५५ | ५३.८८ | सन्तोषजनक |
| २७ | धनमाया खड्का | श्री जनकल्याण आ.वि. लामाडाँडा | २१.५० | ५३.७५ | सन्तोषजनक |
| २८ | दिपक शर्मा | श्री जनकल्याण आ.वि. रातामाटा | २१.४२ | ५३.५५ | सन्तोषजनक |
| २९ | दिलाराम शर्मा | श्री सरस्वती मा.वि. घरेलीचौर | २०.९५ | ५२.३८ | सन्तोषजनक |
| ३० | रिम बहादुर बुढा | श्री जनज्योती आ.वि. मुलपानी | २०.९३ | ५२.३३ | सन्तोषजनक |
| ३१ | अमृतकुमार बोहरा | श्री कालिका आ.वि. गोईरी | २०.७३ | ५१.८३ | सन्तोषजनक |
| ३२ | लालबहादुर घर्ती | श्री कालिका आ.वि. लयाँटा | २०.६६ | ५१.६५ | सन्तोषजनक |
| ३३ | यज्ञ बहादुर ओली | श्री बालहित मा.वि. साक्चाखोला | २०.५२ | ५१.३० | सन्तोषजनक |
| ३४ | रिप बहादर घर्ती | श्री ज्ञानकुञ्ज आ.वि. माथिसर्केना | २०.१० | ५०.२५ | सन्तोषजनक |
| ३५ | रुद्र प्रसाद गिरी | श्री आधारभुत विद्यालय घर्तीकाँडा | २०.०६ | ५०.१५ | सन्तोषजनक |
| ३६ | सुनिता ओली | श्री बालहित आ.वि. नाउली | १७.०२ | ४२.५५ | खराब |
| ३७ | दिल बहादुर ओली | श्री बालज्योती आ.वि. नाख्ला | १२.६२ | ३१.५५ | खराब |

## अनुगमनकर्ताहरु

१. श्री राम बहादुर के.सी.. — प्रमुख प्रशासकीय अधिकृत — संयोजक

२. श्री कृष्ण प्रसाद शर्मा — रोजगार संयोजक — सदस्य

३. श्री टिकाजंग ओली — प्राविधिक सहायक (शिक्षा) — सदस्य

४. श्री डन्ड प्रसाद शर्मा — ल्याव टेक्निसियन — सदस्य

५. श्री अनिल के.सी.. — सह लेखापाल — सदस्य

६. श्री ज्ञानु गौतम — पोषण सहजकर्ता — सदस्य

७. श्री प्रदिप महतारा — प्रहरी सहायक निरीक्षक - सदस्य

**प्रतिवेदक**

टिकाजंग ओली

(प्राविधिक सहायक)

शिक्षा, युवा तथा खेलकुद शाखा